# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, वैशाख १४ गते, २०६७ साल (पूर्वातिरिक्ताङ्क १(क+१)

## भाग ३

नेपाल सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

**मेलाम्ची खानेपानी विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६७**

मेलाम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम "मेलाम्ची खानेपानी विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६७" रहेको छ ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।

२. **मेलाम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ को दफा २ मा संशोधन:** मेलाम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०५५ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ:-



"(घ१) "सामाजिक उत्थान कार्यक्रम सञ्चालन समिति" भन्नाले संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकमा संवत् २०६६ साल फागुन १२ मा दर्ता भएको ह्योल्मो सिन्धु मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम सञ्चालन समिति सम्झनु पर्छ ।

स्पष्टीकरण: "ह्योल्मो सिन्धु मेलम्ची उपत्यका" भन्नाले सामाजिक उत्थान कार्यक्रम सञ्चालन समिति दर्ता हुँदा सो समितिको विधानमा उल्लेख भएका गाउँ विकास समितिभित्रको क्षेत्र सम्झनु पर्छ ।"

३. **मूल आदेशको दफा ३ मा संशोधन :** मूल आदेशको दफा ३ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छस

"(ग) सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिको अध्यक्ष वा सो समितिले तोकेको सो समितिको सदस्य - सदस्य"

४. **मूल आदेशको दफा ४ मा संशोधन :** मूल आदेशको दफा ४ को, -

(१) दफा शीर्षक पछि रहेको कोष्ठ र सो भित्रको अङ्क "(१)" झिकिएको छ ।

(२) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१), ( ङ२) र (ङ३) थपिएका छन् :-

"(ङ१) स्थानीय जनताको सहयोगमा ह्योल्मो सिन्धु मेलम्ची उपत्यकाभित्र सामाजिक उत्थान तथा विकासका कार्यक्रम सञ्चालन गर्ने वा गराउने ।

(ङ२) समितिको सम्पत्ति तथा सो सम्पत्तिसँग सम्बन्धित दायित्व नेपाल सरकारको स्वीकृति लिई काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने वा सुम्पने ।

(ङ३) सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिसँग परामर्श गरी ह्योल्मो सिन्धु मेलम्ची उपत्यकाभित्र सञ्चालन गरिने सामाजिक उत्थान तथा विकासका कार्यक्रम स्वीकृत गर्ने ।"

५. **मूल आदेशमा दफा ५क.र ५ख.थप :** मूल आदेशको दफा ५ पछि देहायका दफा ५क. र ५ख. थपिएका छन् ।

"**५क. सामाजिक उत्थान कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था**: (१) समितिले ह्योल्मो सिन्धु मेलम्ची उपत्यकाभित्र सञ्चालन गरिने सामाजिक उत्थान तथा विकासका कार्यक्रम स्थानीय आदिवासी तथा जनजाती समेतको सहभागिता रहने गरी प्रचलित कानूनको अधीनमा रही सामाजिक उत्थान कार्यक्रम सञ्चालन समिति मार्फत सञ्चालन गराउन सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिले गरेको काम कारबाहीको सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी आवश्यकता अनुसार सो समितिलाई निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिईएको निर्देशनको पालना गर्नु सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिको कर्तव्य हुनेछ ।

(४) सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिले समितिको सहयोगी संस्थाको रूपमा काम गर्नेछ ।

**५ख. रकम छुट्याउने**: (१) समितिले ह्योल्मो सिन्धु मेलम्ची उपत्यकाभित्र सामाजिक उत्थान तथा विकासका कार्यक्रम सञ्चालन गर्ने भएमा सो प्रयोजनको लागि आवश्यक रकम छुट्याई कुनै बैंकमा छुट्टै खाता खोली जम्मा गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन समितिले तोकेको समितिको अधिकृत कर्मचारी र सामाजिक उत्थान कार्यक्रम सञ्चालन समितिको अध्यक्षको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिम छुट्याईएको रकमको सात प्रतिशतसम्म रकम प्रशासनिक कामको लागि खर्च गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम छुट्याईएको रकमको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकिदिएको लेखापरीक्षकबाट हुनेछ ।"





६. **मूल आदेशको दफा ९ मा संशोधन** : मूल आदेशको दफा ९ को उपदफा (४) मा रहेका "नेपाल अधिराज्यको" भन्ने शब्दहरूको सट्टा "नेपालभित्रको" भन्ने शब्द राखिएको छ ।

७. **मूल आदेशमा दफा १०क. थप** : मूल आदेशको दफा १० पछि देहायको दफा १०क. थपिएको छ ।

"**१०क. उपसमिति वा कार्यदल गठन गर्न सक्ने**: (१) समितिले यस गठन आदेशको कार्यान्वयनको लागि आवश्यकता अनुसार विभिन्न विषयगत उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार, कार्यावधि तथा उपसमिति वा कार्यदलका सदस्यहरूले पाउने सुविधा त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दा समितिले तोकिदिए बमोजिम हुनेछ ।"

८. **मूल आदेशमा दफा १४क. थप**: मूल आदेशको दफा १४ पछि देहायको दफा १४क. थपिएको छ:-

"**१४क. स्थानीय तहमा परियोजनाको नामाकरण: यस** आदेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि परियोजनालाई स्थानीय तहमा ह्योल्मो मेलम्ची खानेपानी परियोजना नामाकरण गर्न सकिनेछ ।"

९. **रूपान्तर**: मूल आदेशको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रूपान्तर गरिएकोछ:-

(क) "मेलाम्ची" को सट्टा "मेलम्ची"

(ख) "आवास तथा भौतिक योजना मन्त्रालय" को सट्टा "भौतिक योजना तथा निर्माण मन्त्रालय" ।

**आज्ञाले,**
**दीप वस्न्यात**
**नेपाल सरकारको सचिव**